**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-४३)**

मितिः २०८१/०५/०५ गते

प्रारम्भ: दिनको ३ः ४५ बजे

समाप्त: साँझको ६ : ३० बजे

## छलफल तथा निर्णय

आज मिति २०८१/०५/०५ गते बसेको समितिको बैठकमा "देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका वर्ग र समुदायको मानव अधिकारको अवस्था र विविध विषय" का सम्बन्धमा छलफल भयो । छलफलमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट उपस्थित अध्यक्ष, सदस्यहरु र सचिवले आ-आफ्नो धारणा राख्नु भएको थियो । तत्पश्चात् समितिका माननीय सदस्यहरुले सो विषयउपर विभिन्न जिज्ञासा राख्नु भएको र जिज्ञासालाई सम्बन्धित व्यक्तिहरुले प्रष्ट पार्नु भएको थियो ।

तत्पश्चात् समितिले विगतमा नेपाल सरकार र विभिन्न संवैधानिक निकायलाई दिएका निर्देशनहरुको कार्यान्वयन अवस्थाबारे र समितिको वार्षिक प्रतिवेदन तयारीका सम्बन्धमा उपसमिति गठन गर्ने सम्बन्धमा छलफल भएको थियो ।

बैठकले,-

क) महिला तथा सामाजिक मामिला समितिले विगतमा नेपाल सरकार र विभिन्न संवैधानिक निकायहरुलाई दिएका निर्देशनहरुको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन मिति २०८१ कार्तिक मसान्तभित्र समिति समक्ष पेश गर्न देहाय बमोजिम पाँच सदस्यीय "समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्याङ्कन उपसमिति" गठन गर्ने निर्णय गरियोः

१) मा. शोभा ज्ञवाली - संयोजक,

२) मा. कल्पना मिया - सदस्य,

३) मा. जावेदा खातुन जागा -सदस्य,

४) मा. लक्ष्मी तिवारी - सदस्य,

५) मा. विना देवी - सदस्य ।

ख) नेपाल सरकारद्वारा आ. व. २०८१/८२ को लागि आय व्ययको वार्षिक अनुमान पेश गर्नुपूर्व नै प्रतिनिधि सभा समक्ष पेश गर्ने महिला तथा सामाजिक मामिला समितिको वार्षिक प्रतिवेदन, २०८१ तयारीका लागि मिति २०८१ कार्तिक मसान्तसम्मको कार्यावधी रहने गरी देहाय बमोजिम "समितिको वार्षिक प्रतिवेदन तयारी उपसमिति" गठन गर्ने निर्णय गरियोः

१) मा. सुशिला सिर्पाली ठकुरी - संयोजक,

२) मा. ईश्वर बहादुर रिजाल - सदस्य,

३) मा. विन्दवासिनी कांसकार - सदस्य,

४) मा. सरस्वती बजिमय - सदस्य,

५) मा. शान्ति श्रेष्ठ ।

..................
(इन्द्रविलास पौडेल)
समिति-सचिव

..........................
(मा. किरण कुमार साह)
सभापति